# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३) तिलोत्तमा, पौष महिना २८ गते २०७६ साल (अतिरिक्ताङ्क २४

**भाग : १**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको ऐन नं. ५**

**कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७६ (प्रथम संशोधन) मा देहाय बमोजिम हुने गरी (दोस्रो संशोधन, २०७६)**

| क्र.सं. | हालको व्यवस्था | संशोधन गरी कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | तिलोत्तमा आर्थिक ऐन, २०७६(प्रथम संशोधन)को दफा ८ को प्रयोजनका लागि अनुसूची ९ को क्र.सं. १३<br>क) ढुङ्गा, गिट्टी, बालुवा प्रति घन फिट<br>ख) माटो प्रति घन फुट | तिलोत्तमा आर्थिक ऐन, २०७६ (प्रथम संशोधन)को दफा ८ को प्रयोजनका लागि अनुसूची ९ को क्र.सं. १३<br>क) ढुङ्गा, गिट्टी, बालुवा प्रति घन | केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०७५ को दफा ६२ क मा स्थानीय तहले आफ्नो क्षेत्रबाट |

| | | | |
|---|---|---|---|
| | ग) दहत्तर बहत्तर प्रति किलो<br><br>आगामी नगरसभाले तोके बमोजिम हुनेछ । | फिट<br>तिनाउ नदिको - रु.१८।-<br>सुखौरा/रोहिणी नदिको- रु. १६।-<br>भस्कट नदिभित्रको - रु. ६।-<br>भस्कट क्रसर उद्योगबाट निस्केको-रु.३।-<br>ख) निजी जग्गाको माटो प्रति घन फुट-रु.२।-<br>ग) दहत्तर बहत्तर प्रति किलो रु.१।- | तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थ विक्री गर्न सक्ने र विक्रीबाट प्राप्त हुने राजश्व स्थानीय तहको संचित कोषमा राख्ने व्यवस्था कायम भएको हुँदा स्थानीय तहले विक्री गर्न पाउने पदार्थको समयानुकूल समायोजन हुने गरी राजश्वको दर तोक्नुपर्ने अवस्था भएकोले। |
| २ | तिलोत्तमा आर्थिक ऐन २०७६ को दफा ११ को उपदफा २ को (छ) सम्म मात्र रहेकोमा । | तिलोत्तमा आर्थिक ऐन २०७६ को दफा ११ को उपदफा २ को (छ) पछि देहायको (ज) थप गर्ने ।<br>तिलोत्तमा १३ मा स्थापना हुने सखिया होमस्टे अर्न्तगत | तिलोत्तमा नगरपालिकालाई पर्यटकीय नगर बनाउने अवधारणा अनुरुप सामुदायिक होमस्टे |

| | | | |
|---|---|---|---|
| | | निर्माण हुने संरचना निर्माण गर्दा लाग्ने नक्सापास तथा अभिलेखिकरण दस्तुरको शत प्रतिशत छुट दिईनेछ । | कार्यक्रम प्रवर्द्धनका लागि तिलोत्तमा नगर विकास योजना २०७५/०७६ मा बजेट विनियोजन गरिएको र यस्ता कार्यक्रमलाई थप हौसला प्रदान गर्न नक्सापास दस्तुरमा समेत छुट दिन आवश्यक देखिएकोले । |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/९/२८**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**